# पारिजातको 'शिरीषको फूल' उपन्यासको सांस्कृतिक अध्ययन

सरोज दवाडी[1]

**सार**

*(शिरीषको फूल पारिजातद्वारा रचित उपन्यास हो । विसङ्गतिको बीच रङ्गिएको जीवनलाई उपन्यासमा प्रस्तुत गरिएको छ । यसमा युद्धभूमिबाट भागेर आएका भगौडा सैनिकको नारीप्रतिको दृष्टिकोण र एक निस्सारवादी युवतीको जीवनकथालाई मर्मस्पर्शी ढङ्गबाट चित्रण गरिएको छ । निर्मम युद्ध संस्कृतिबाट प्रभावित सुयोगको पुरूष चरित्र कठोर, निर्दयी र परपीडक अनि नीच रहेको देखिनु साथै उसमा प्रतिशोधी पुरूष प्रवृत्ति हनु, त्यस्तै परम्परागत नारीभन्दा भिन्न स्वभाव भएकी र विद्रोही विचार प्रस्तुत गर्ने बरीमार्फत् प्रस्तुत उपन्यासमा उग्र नारीवादी चेतना पनि प्रस्तुत गर्नु,निस्सारवादी, शून्यवादी जीवनदृष्टि प्रस्तुत हुनु, त्यस समयको अन्तर्राष्ट्रिय परिस्थिति र राष्ट्रिय सामाजिक, राजनीतिक परिवेशका कारण निर्मित तत्कालीन नेपाली जीवनको प्रभाव परेको पाइनु जस्ता सांस्कृतिक पक्षहरु यस उपन्यासमा रहेका छन् ।)*

**प्रमुख शब्दहरूः** *प्रभुत्वशाली, नारी चेतना, उग्रनारी, शून्यवादी, विद्रोही नारी चेतना*

## १. विषय प्रवेश

पारिजात नेपाली साहित्यमा आफ्नो छुट्टै पहिचान तथा हैसियत स्थापना गराइसकेकी नारी प्रतिभा हुन् । कुँजो शरीरलाई लतार्दै र घिसार्दै पारिजातले नेपाली साहित्यमा जुन उचाइ बनाएकी छिन् सो मननीय छ, वन्दनीय छ । यिनको उचाइलाई हालसम्मै अर्को नेपाली नारी प्रतिभाले उल्लङ्घन गर्न नसकेबाट पारिजातको साहित्यिक गरिमा स्वतः प्रस्टिन्छ । पारिजात वि.सं. २०२२ सालमा शिरीषको फूल उपन्यास ल्याएर नेपाली उपन्यास साहित्यमा उदाएकी हुन् । यिनको प्रथम उपन्यास शिरीषको फूल नेपाली उपन्यास साहित्यको इतिहासमा र पारिजातकै औपन्यासिक यात्रामा पनि निकै सफल र फलदायी समेत बन्न पुग्यो । पहिलो उपन्यासबाटै चर्चाको शिखरमा पुगेकी पारिजातका महत्ताहीन (२०२५) बैंसको मान्छे (२०२९), तोरीबारी बाटा र सपनाहरू (२०३३), पर्खालभित्र र बाहिर (२०३५), परिभाषित आँखाहरू (२०४६) र बोनी (२०४८) उपन्यास प्रकाशित छन् । पारिजातले उपन्यास लेखनको प्रारम्भिक चरणमा विसङ्गतिवादी- अस्तित्ववादी लेखनमा आफूलाई सक्रिय गराइन् भने बीच वा मध्यको चरणमा राल्फाली आन्दोलनसँग सम्बद्ध विद्रोही चेतनामा कलम दौडाइन् । उपन्यास लेखनको अन्तिम चरणमा यिनी प्रगतिवादी तथा आलोचनात्मक यथार्थवादी धारामा केन्द्रित रहिन् । यसरी अस्तित्ववादी-विसङ्गतिवादी, विद्रोही र आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा औपन्यासिक यात्रा तय गरेकी पारिजातको शिरीषको फूल यिनको उपन्यास लेखनको प्रथम चरणमा देखापरेको प्रभावशाली कृति हो ।

शिरीषको फूलमा मुख्यतः अस्तित्व तथा विसङ्गतिवादी जीवनदर्शनले स्थान पाएको छ। यस उपन्यासका प्रायः सबै पात्रहरूले निस्सार, शून्य र अर्थहीन जीवन बाँचिरहेका छन् । उनीहरूको अर्थहीन जीवन बचाइको पृष्ठभूमि फरक फरक रहेका छन् । पात्रहरूले यस प्रकारको जीवन बाँच्नुमा उनीहरू बाँचेको समय र त्यस समयको संस्कृतिको भूमिका रहेको देखिन्छ । सामाजिक संरचना अनुसारको जीवनशैली सूचित गर्ने कलागत पहिचान नै संस्कृति हो । .संस्कृति मानव चेतानको उपज र मानव निर्मित जीवनशैलीको प्रकटीकरण पनि हो । पूर्वनिर्मित संस्कृतिले मानवीय संचेतना र व्यवहारको निर्माण गर्दछ।

१ श्री दवाडी सप्तगण्डकी बहुमुखी क्याम्पसमा नेपाली विभागका सहायक प्राध्यापक हुनुहुन्छ । इमेलः sarojg.sd@gmail.com

प्रस्तुत आलेखमा निस्सार जीवन बचाइ र शून्यवादी चेतना विकसित हुनुमा भूमिका खेल्ने संस्कृतिको अध्ययन गरिएको छ। यसका साथै यस उपन्यासमा चित्रित प्रभुत्वशाली पुरुष संस्कृति र यसले नारीलाई दमन गर्न उपयोग गरेको संस्कृति तथा पुरुष शोषणका विरुद्ध जागृत विद्रोही नारी चेतनाको पनि विश्लेषण गरिएको छ।

## २. सांस्कृतिक अध्ययनको अवधारणात्मक प्रारूप

'संस्कृति' शब्द 'सम्' र कृतिको योगबाट बनेको हो। यहाँ 'सम्'को अर्थ असल, उन्नत, विशिष्ट भन्ने हुन्छ भने 'कृति'को अर्थ कुनै रचना वा सिर्जना तथा कुनै विशिष्ट कार्य वा निर्माण भन्ने हुन्छ। यस आधारमा 'संस्कृति' शब्दको अर्थ कुनै असल रचना वा कार्य भन्ने हुन्छ। उक्त रचना वा कार्य मानवनिर्मित हुन्छ। प्रकृतिको एउटा पक्ष मानव हो भने मानव समाजको एउटा पक्ष संस्कृति हो। यसर्थ मानव समाजद्वारा निर्मित उत्कृष्ट कार्य संस्कृति हो। मानव समाज विभिन्न कालखण्ड र स्थानमा विविध किसिमले विकसित भए जस्तै संस्कृति पनि सामाजिक संरचना र समयअनुसार फरक फरक रहेका हुन्छन्। त्यसैले संस्कृति देश वा जातिको कला, साहित्य, सङ्गीत, आचार व्यवहार, बौद्धिकता आदि वा त्यसलाई मौलिक पहिचान दिन सक्ने विशेषता हो (अधिकारी, २०६६ : ९५५)। साहित्य र संस्कृति दुवै मानव समाजकै उपज हुन्। साहित्यलाई मानव समाजको विशिष्ट भाषिक अभिव्यक्ति मानिन्छ। यसमा समाजका अनेक पक्षहरू प्रतिविम्बित भएर आउँछन्। यसमा संस्कृति पनि प्रतिविम्बित भएर आउँछ। संस्कृतिद्वारा साहित्य पनि प्रभावित हुन्छ। त्यसैले यी दुईमा अन्तरसम्बन्ध रहेको हुन्छ। सांस्कृतिक अध्ययनमा साहित्यमा प्रतिविम्बित संस्कृतिको अध्ययन गरिन्छ। सांस्कृतिक अध्ययनले नयाँ र निरन्तर विकसित अन्तरविषयक अवस्थाको विश्लेषण गर्ने त्यस्तो कार्यलाई जनाउँछ जुन उत्पादन, प्राप्ति, संस्था, व्यवहार तथा उत्पादनका सबै प्रकारका सङ्केतनबाट प्रभावित हुन्छ (अब्राम्स, सन् २००५ : ५३)। यसमा सामाजिक व्यवहार र त्यसबाट प्रभावित साहित्यको अध्ययन गरिन्छ।

संस्कृति सामाजिक, आर्थिक अनि राजनीतिक तागत र शक्ति संरचनाको माध्यमद्वारा आफ्नो विश्वास र अर्थ अनुकूल निर्माण गरिन्छ (अब्राम्स, सन् २००५ : ५३)। संस्कृत निर्माण कसरी हुन्छ र व्यवहार के कसरीमा देखिन्छ वा सांस्कृतिक व्यवहारले कसरी विभिन्न समूहलाई सांस्कृतिक वर्चस्वका लागि सङ्घर्ष गर्नका लागि प्रेरित गर्छ, त्यसको अध्ययन गर्नु नै सांस्कृतिक अध्ययनको कार्य हो। त्यसैगरी कृतिमा भएको सांस्कृतिक प्रतिनिधित्वले वास्तविक सामाजिक परिवेशलाई कसरी प्रस्तुत गरेको छ, कृतिमा लेखकको सांस्कृतिक स्थान र त्यसको राजनीतिक परिवेश कसरी आएको छ भन्ने कुरालाई सन्दर्भीकृत गरेर हेर्नु पनि सांस्कृतिक अध्ययनको क्षेत्रभित्र पर्दछ। त्यसैले पनि सांस्कृतिक अध्ययनले व्यापक क्षेत्र ओगटेको पाइन्छ।

यस आलेखमा सांस्कृतिक अध्ययनको विविध पक्षहरूमध्ये शिरीषको फूल उपन्यासमा पुरुष प्रभुत्व, विद्रोही नारी चेतना तथा लेखकीय परिवेश र त्यसको प्रभावको अध्ययन गरिएको छ। युरोपेली देशहरूमा विकसित पुँजीवादको उत्कर्षमा शक्तिशाली राष्ट्रहरू बिच संघर्षको क्रम सुरु भएपछि विश्व परिवेश आतङ्कित बन्न पुगेको देखिन्छ। खासगरी प्रथम विश्व युद्धको महाविनाश समाप्त भएको दुई दशकपछि नै अर्को विश्वयुद्ध आरम्भ भएपछि विश्व मानव समाज युद्धको विद्रूप संस्कृतिबाट आक्रान्त बन्न पुगेको देखिन्छ। उक्त समयमा नेपाल जस्तो शक्तिहीन देश पनि युद्धको परिवेशबाट मुक्त हुन सकेको थिएन। जुनसुकै समयमा पनि जीवनको अन्त्य हुन सक्ने युद्धको स्थितिमा मानव संवेदना हराउँदै गएको देखिन्छ। मान्छेले क्षणिक जीवनको उपभोगको निम्ति आफ्नो परम्परित मूल्य र मान्यताहरूलाई पनि लत्याएको पाइन्छ। मान्छे संवेदनाहीन भएपछि मानवीय प्रेम र सद्भाव पनि हराएर गएको देखिन्छ। यसरी जीवन मूल्यहीन, संवेदनाहीन भएर बाँच्न विवश युद्धका कारण निर्मित मानव जीवन सारहीन, विसङ्गत बन्न पुगेको देखिन्छ। शिरीषको फूल उपन्यासमा पनि यस्तै युद्धको विद्रूप संस्कृतिका कारण निर्मित निस्सार जीवनको प्रस्तुति रहेको पाइन्छ।

 © The Saptagandaki Journal. All Rights Reserved

मानव समाजको विकासको क्रममा आरम्भतिर मातृसत्तात्मक समाज भएर नारी प्रभुत्व कायम रहे तापनि समय क्रममा नारी सत्ता कमजोर हुँदै गएको र पुरुष सत्ताको प्रभुत्व स्थापित हुँदै गएको पाइन्छ। जैविक रूपमा फरक संरचना भएको आधारमा पुरुष समाजले नारीलाई निम्न स्तरको मूल्य दिएर शोषण गर्ने गरेको पाइन्छ। नारीलाई आफ्नो अनुकूल प्रयोग गर्न पुरुषहरूद्वारा अनेक सामाजिक धार्मिक परम्पराहरूको निर्माण गरिएको छ, जसका आधारमा आधुनिक समयसम्म पनि नारीलाई दमन गरेर राख्ने गरेको देखिन्छ। पुरुषले आफ्नो प्रभुत्व कायम राख्न शक्तिको प्रयोग गर्नुका साथै नारीलाई पुरुष अनुकूल संस्कृतिको निर्माण गरी वार्ता र सहमतिद्वारा पनि नारी शोषण गरिरहेको पाइन्छ। यसरी पुरुषद्वारा भइरहेको परम्परित शोषण विरुद्ध वर्तमान समयमा नारीहरू जागृत हुन थालेको पाइन्छ। यस क्रममा पुरुषबिना नारी एक्लै पनि बाँच्न सक्छन् र पुरुषहरूको संगत, दमन र शोषणलाई तिरस्कार गर्नुपर्छ भन्ने विद्राही नारी चेतनाको पनि विकास भएको पाइन्छ। अतः यस विवेच्य उपन्यासमा पनि यस्तै प्रकारको विद्राही नारी चेतनाको प्रस्तुति गरिएको पाइन्छ।

## ३. शिरीषको फूल उपन्यासमा चित्रित संस्कृतिको विश्लेषण

शिरीषको फूल उपन्यासमा निस्सार जीवन बचाइ र शून्यवादी चेतनाको प्रस्तुति रहेको पाइन्छ। यस प्रकारको चेतना विकसित हुनुमा विश्वयुद्ध र त्यसले निर्माण गरेको त्रासद संस्कृतिको भूमिका रहेको देखिन्छ साथै यस उपन्यासमा प्रभुत्वशाली पुरुष संस्कृति र यसले नारीलाई दमन गर्न उपयोग गरेको संस्कृति तथा पुरुष शोषणका विरुद्ध जागृत विद्रोही नारी चेतनाको प्रस्तुति बेजोड पाइन्छ।

### (क) पुरूष-प्रभुत्वशाली मानसिकता र व्यवहार

शिरीषको फूल उपन्यास एकजना पुरुष अधबैंसे मान्छेको संस्मरण भएको हुनाले यसमा पुरुषवादी प्रभुत्वशाली संस्कृति पाइन्छ। यस उपन्यासमा समाख्याता अर्थात म पात्र नै प्रमुख पात्रको रूपमा आएको छ। यसमा  सेनाबाट पेन्सन हुने गरी बिचैमा जागिर छाडेको पूर्व सिपाही सुयोगवीर नै म पात्रको रूपमा आएको छ। उसले बर्माको युद्धको समयमा देखाएको व्यवहार, सकमबरीसँगको भेटमा गरेको कुराकानी र उपन्यासमा प्रस्तुत उसको मानसिकताका आधारमा पुरुष प्रभुत्वशाली मानसिकता र व्यवहारको अध्ययन गर्न सकिन्छ।

युद्धका कारण पाषण हृदय भएको सयोगबीरमा नारीको उपस्थिति भएपछि पौरुषत्व उत्पन्न हुन्छ। सुयोगबीरमा नारीलाई भोग्य वस्तुको रूपमा उपयोग गर्न चाहने पुरुष दमनकारी सोचाइ रहेको देखिन्छ। ऊ जुनसुकै बेलामा पनि शत्रुको आक्रमण हुन सक्ने अवस्थामा पनि नारीलाई भोग गर्न चाहन्छ। उसमा आफूले चाहेको समयमा नारी भोगका लागि जति बेला पनि तयार हुनु पर्छ भन्ने पुरुषवादी विचार रहेको देखिन्छ। रातको समयमा लडाइँको लागि बङ्करमा बसिरहेको बेलामा हेडहन्टरकी छोरी नाङ्गो पाखुरा लिएर हिडिरहेको देख्दा सुयोगवीरको पौरुषत्व जागेर आएको छ। जुनेली रातको एकान्त जङ्गलमा यौवना नारी आफ्नो अगाडि आइपुग्दा एउटा पुरुष उत्तेजित हुनुलाई स्वाभाविक मान्न सकिन्छ। सुयोगवीरमा सोहीअनुरूप उत्पन्न भएको यौनभोकलाई मेटाउन उसलाई फकाउन थाल्दछ। रातको समयमा तीर बोकेर शिकारको खोजीमा निस्केको जङ्गली केटी आसन्न मृत्युको नजिक सुयोगको प्रस्तावमा राजी हुँदैन। सुयोग आफू तिरस्कृत भएको अनुभव गर्छ र आफ्नो इच्छालाई जबरजस्ती पूरा गर्ने कोशिस गर्छ। त्यसमा पनि प्रतिकार गर्न थालेपछि सुयोगबीरमा षौरुषत्व र शक्तिको उन्माद दुवै जागेर आउँछ। यस क्रममा ऊ 'म लाग्नेमान्छे मलाई रिस उठ्छ यौटी असभ्य केटीको फूर्ति देखेर। लगत्तै उठ्छु पछिबाट उसको छरिएको चुल्ठो समातेर उसको कमलो ओठमा मुक्का हान्छु। ...मेरो डर मान्दिन, आँखा सक्तो फुलाएर मलाई चुनौति दिन्छे, म मात्तिन्छु, असह्य हुन्छु अनि म राइफलको बडले टाउकोमा हिर्काएर उसलाई बेहोश बनाउँछु।' (पृ.३६) भन्छ। यसरी सुयोगवीरमा नारीलाई उपभोग्य वस्तुको रूपमा लिने र त्यसलाई जुनसुकै उपाय अपनाएर पनि प्राप्त गरी छाड्ने दमनकारी पुरुष प्रवृत्ति पाइन्छ।

सुयोगवीरमा पुरुष प्रभुत्व कायम राख्न र आफ्नो इच्छा पूरा गर्न वार्ता र सहमतिद्वारा नारीलाई नियन्त्रण गर्ने र उनीहरूलाई उपभोग गर्न चाहने प्रवृत्ति पनि पाइन्छ। नारीलाई उपभोग्य वस्तुको रूपमा उपभोग गर्न चाहने सुयोगवीर कचिन ठिटीलाई यसरी फकाएर आफ्नो इच्छा पूरा गर्न सफल हुन्छ। जसको साक्ष्य यस्तो छ : 'नजिक पुगेर म उसका पाखुरा समाउँछु, केही चाँदीका दामहरू हत्केलामा राखेर देखाउँछु, औँलामा टल्किरहेको बर्मीज रुबीको औँठी देखाउँछु।' (पृ.३८) 'कस्तो नसम्झेकी त्यत्रो दामी औँठी पाएर पनि।' (पृ.३९) उसले नारीलाई द्रव्यद्वारा किन्न सकिने क्रयविक्रयको वस्तुको रूपमा लिएको देखिन्छ। सुयोगवीर शारीरिक रूपमा पुरुष भए तापनि त्यसअनुरूप वीरत्व उसमा रहेको देखिँदैन। विश्वयुद्धमा अङ्ग्रेजको तर्फबाट लड्न गएको सुयोगले एउटा शत्रुलाई पनि मार्न सकेको छैन। यस सन्दर्भमा ऊ 'विशेष पल्टनमा मेरो जीवनको कुनै खास रेकर्ड छैन। सुबेदारसम्म भएको हुँ। त्यो पनि भाग्यले घचेटर, आफ्नु अफिसको काम अलिक छरितो हुन्थ्यो र मात्र। मान्छे एउटा पनि मारेको छैन' (पृ.७) भन्छ। आफूसँगैको साथीले बहादुरी प्रदर्शन गरेर भिक्टोरिया क्रस पाउँदा पनि उसले कसैलाई मारको छैन। त्यसकारण सुयोगमा युद्ध संस्कृतिका कारण निर्दयीपन विकसित भए पनि उसमा पौरुषावृत्ति रहेको पाइँदैन, उसमा नारीवृत्ति रहेको देखिन्छ। त्यसकारण उसलाई मायालु हृदयले जीवन अर्पण गर्ने माटिनचीको नारीप्रेमलाई उसले स्वीकार गर्न सकेको देखिँदैन। त्यसैगरि उसले लजालु नारी स्वभाव भएकी मुजुरालाई पनि भित्री रूपमा मन पराउन सकेको पाइँदैन। मनोविश्लेषणवादी मान्यताअनुसार मान्छे कामतृप्तिका लागि विपरीत लिङ्गप्रति आकर्षित हुन्छ। त्यसकारण नारीवृत्तियुक्त सुयोग नारी सुलभ गुण भएका नारीहरूप्रति आकर्षित हुन सकेको देखिँदैन। सकमबरी शारीरिक रूपमा नारी देहयुक्त भए पनि उसमा नारी सुलभ गुणहरू छैनन्। उसमा पुरुषवृत्ति रहेको पाइन्छ। सुयोगवीरको नारीवृत्तिले सकमबरीको पुरुषवृत्तिलाई देख्दा त्यसप्रति आकर्षित हुन्छ। सकमबरी उमेरका दृष्टिले नमिल्दो, रुखो व्यवहार गर्ने, कडा स्वरले बोल्ने र अस्वभाविक चुरोट खाने भए पनि सुयोग नजानिँदो किसिमले ऊप्रति आकर्षित हुँदै गएको देखिन्छ। शारीरिक रूपमा नभए पनि समाजिक रूपमा प्राप्त गरेको पुरुष प्रवृत्तिका कारण सुयोगले बरीलाई दमनमा राख्न खोज्छ तर बरीको कडा स्वभावका कारण दमन गर्न सक्दैन। त्यसैले उसले सहमतिद्वारा बरीलाई नारीत्व प्रदान गरी नियन्त्रण गर्ने प्रयास गरेको देखिन्छ। कपाल काटेर मुडुलो बनेकी बरीलाई सुयोग भन्छ : 'बरी तिमीलाई केश पालेको कति सुहाएको छ, अब त पाल्ने गर।' (पृ.३२) समाजमा नारीलाई कपाल पाल्न लगाएर नारीत्व प्रदान गरिन्छ। उसलाई नारीत्व प्रदान गरी पुरुष आफ्नो प्रभुत्व कायम गर्दछ। प्रस्तुत उपन्यासमा सुयोग पनि 'मलाई स्वास्नी मान्छेको लामो केश भएको मन पर्‍यो' (पृ.३२) भन्दै सकमबरीलाई कपाल पाल्न लगाएर नारीत्व प्रदान गर्ने कोशिस गर्छ तर सकमबरीले उसको सुझावलाई ठाडै अस्वीकार गर्दै अझ छोटो बनाएर कपाल काट्छ। सुयोगवीर बरीलाई अत्यन्त सतर्कताका साथ नारीत्व प्रदान गर्ने कोशिस गर्छ। सकमबरीले चुरोट खाएको सुयोगलाई मन पर्दैन तर ऊ सिधै बरीलाई चुरोट नखाऊ भन्न सक्दैन। ऊ सतर्कतका साथ भन्छ : 'अहिले मैले तिमीलाई चुरोट नखाऊ भनेँ भने तिमी के गर्छौ बरी ?' (पृ.२५) तर बरी झन् बढी चुरोट खाइदिन्छु भन्छे। यसरी बरीलाई नारीत्व प्रदान गर्न अनेक प्रयासहरू गर्दा पनि सुयोग सफल हुन सकेको देखिँदैन। बरीलाई सम्झौतामा ल्याउन ईश्वरीय शक्तिको कुरा गर्छ। ऊ ईश्वरीय शक्ति कै कारण मानव सम्झौता गरी सभ्यतालाई अगाडि बढाइरहेको विचार अभिव्यक्त गर्छ। ईश्वरीय शक्तिमाथि विश्वास गर्न लगाएर बरीलाई सम्झौता गराउन खोज्दै सुयोग भन्छ : 'बरी तिमी ईश्वर मान्दिनौ, आफ्ना दुःख र अपराधहरू पखालेर निरोगी हुन चाहने अभागीहरू कहाँ जानु ? तिमी भए के गर्थ्यौ बरी ?' (पृ.२६) तर बरी समाजले मान्दै आएको यस्ता परम्परालाई निरर्थक ठान्छ। यसरी सुयोगले अनेक प्रयास गरेर बरीलाई नारीत्व प्रदान गरी ऊमाथि पुरुष प्रभुत्व कायम गर्ने प्रयास गरेको देखिन्छ।

सुयोगवीर सकमबरीप्रति आत्मिक रूपमा आकर्षित भइसक्दा पनि नारीप्रतिको उसको धारणमा परिवर्तन भएको देखिँदैन। ऊ नारीलाई उपभोग्य वस्तुकै रूपमा हेर्ने गर्छ। यसैकारण ऊ भन्छ : 'भँवरा बस्नै नपाएपछि यो फूलको के अर्थ ?' (पृ.११) उसमा नारीले पुरुषको सम्पर्कबाट मात्र सार्थकता प्राप्त गर्न सक्छ भन्ने मान्यता रहेको पाइन्छ तर ऊ पुरुषले सार्थकता

 © The Saptagandaki Journal. All Rights Reserved

प्राप्त गर्न पनि नारीको आवश्यकता पर्छ भन्ने कुरालाई वास्ता गर्दैन । ऊ त नारीलाई एउटा वस्तु मान्दै उपभोगको लागि कसैले प्रयोग नगरेको नयाँ र एकाधिकार चलाउन मिल्ने नारी चाहन्छ । यस सन्दर्भमा उसले 'हामी गोर्खा बहादुरलाई पनि साझा नभएको माल चाहिन्छ' (पृ.४१) भन्दछ । सुयोगवीर आफूसँगै विवाह गरेर जीवन बिताउन चाहने ख्वान्नियो पाँको छातीमा लात हानेर हिड्दा पनि पश्चाताप बोध गर्दैन । उसमा नारीलाई भोग गर्ने तर उसको सुख दुःखमा साथ नदिने स्वार्थी पुरुष प्रवृत्ति रहेको देखिन्छ । नारीको जवानी लुटेर जीवन बर्बाद पार्दै हिडे तापनि बढी केही गरेको छैन भन्दै ऊ 'एउटा सुनगाभाको फूल कलिलैमा टिपेर बुटले कुल्चिसकेँ, बढी के गरेँ ? यति नै यदि अपराध हो भने, यति नै यदि कलङ्क हो भने यो जीवन नबाँचे पनि हुन्छ' (पृ.४३) भन्ने कुरा गर्दछ । यसरी नारीको जवानी र जीवन दुबै हरण गर्दा पनि खास केही गरेको नठान्ने सुयोगवीरमा स्वार्थी, दमनकारी र नीच पौरुषावृत्ति रहेको देखिन्छ ।

सुयोगवीरमा लोग्नेमान्छे भएर पनि आफूमा पौरुषत्व आउन नसकेको र बरी नारी भएर पनि उसमा पुरुषत्व रहेको देखेर हीनता भाव उत्पन्न हुन्छ । ऊ सकमबरीको अगाडि आफ्नो मन खोल्न सक्दैन तर पनि ऊ कसरी बरीलाई विवश बनाउन सकिन्छ भनेर विचार गरिरहन्छ र ऊ 'मैले सम्झेँ, कहाँ लगेर कसरी विवश बनाउन सकिन्छ यो स्वास्नी मान्छेलाई ?' (पृ.४८) भन्दछ । यसरी नारीलाई जुनसुकै उपायद्वारा पनि आफ्नो वशमा राख्न चाहने पुरुष प्रवृत्तिलाई सुयोगले प्रस्तुत गरेको पाइन्छ । कुनै उपायद्वारा पनि उसले बरीको पुरुषत्वलाई जित्न नसकेपछि आफैमा उत्पन्न प्रेमलाई नै घृण गर्न पुग्छ । आफु पराजीत भएको अनुभूति गर्छ । यसबाट उसमा प्रतिरोधी चेतनाको विकास हुन्छ र पुरुषत्व स्थापित गर्नका लागि चेतन शून्य भएर बरीलाई चुम्बन गर्न पुग्छ र 'म आफ्नो नियन्त्रणमा थिइनँ, स्थिति छुट्याउन सक्ने सामर्थ्य ममा थिएन, म सर्वाङ्ग कामिरहेको थिएँ । आवेशमा आएर मैले उसको सेतो गर्धन अँठ्याएर उसको कमलो ओठमा म्वाइँ खाइदिएर र आत्मतृप्तिको अनुभव गर्ने नपाई मलाई मोहले छोड्यो' (पृ.५१) भन्दछ । अचेतन मनमा रहेको भोगवादी दमनकारी वृत्तिका कारण सुयोग अनियन्त्रित भई आफ्नो भोगेच्छा पूरा गर्न खोजे पनि उसमा विकसित क्षीण पुरुषत्व हराएर जान्छ र बरीको प्रतिकार सहन तयार हुन्छ । बरी आफ्नो स्वतन्त्र इच्छा विपरीत घटेको उक्त घटनाको कुनै प्रतिक्रिया नजनाई देह त्याग गर्न पुग्छ । यसरी सुयोगवीरको नारीप्रतिको भोगवादी आकर्षण र त्यसको परिणामले धेरै नारीको ज्यान लिएको छ । भित्री रूपमा नारीत्व भए पनि समाजमा विकसित पुरुष प्रवृत्तिको प्रभावको कारण सुयोगवीरमा पनि दमनकारी, भोगवादी पुरुष संस्कृतिको विकास भएको देखिन्छ । निर्मम युद्ध संस्कृतिबाट प्रभावित सुयोगको पुरुष चरित्र कठोर, निर्दयी र परपीडक अनि नीच रहेको देखिन्छ साथै उसमा प्रतिशोधी पुरुष प्रवृत्ति पनि पाउन सकिन्छ ।

### (ख) उग्र नारी चेतना

शिरीषको फूल उपन्यासमा सकमबरी, मुजुरा, सानु आदि मञ्चीय नारी पात्रहरू रहेका छन् भने माटिनची, ख्वान्नियो पाँ, कचिन ठिटी, शिवराजकी आमा आदि नेपथ्य नारी पात्रहरू रहेका छन् । प्रस्तुत उपन्यास मूलतः सुयोगवीरको संस्मरण भएको हुनाले उपर्युक्त नारी पात्रहरूमा रहेको चेतनाको सम्बन्धमा सुयोगवीरसँगको कुराकानी र उनीहरू सम्बन्धमा सुयोगवीरले गरेको टिप्पणीका आधारमा अध्ययन गर्न सकिन्छ । त्यस आधारमा नारी चेतनाको दृष्टिकोणले सकमबरी मात्र सचेत पात्रको रूपमा रहेकी छे ।

सकमबरी आई.ए. प्रथम श्रेणीमा पास गरेकी प्रतिभाशाली शिक्षित नारी हो । शारीरिक कमजोरीका कारण थप अध्ययन अगाडि बढाउन नसकेकी बरी फूलको सौखिन छे । उसको घर शिरीषको फूलले ढाकेको भए पनि उसलाई विशेष प्रकारको सुनगाभा फूल मन पर्छ । यसै सुनगाभा फूलको विशेषतामार्फत् सकमबरीले आफ्नो रुचि, चाहना र स्वभाव प्रस्तुत गरेकी छ । सुनगाभाको विशेषता रमाइलो मान्दै भन्छे : 'एउटा थैलामा भँवरा पसिसकेपछि यसले आफ्नो मुख बन्द गर्छ । कीरा

© The Saptagandaki Journal. All Rights Reserved 

भित्र निसास्सिएर मर्छ, असाध्य रमाइलो हुन्छ ।' (पृ.११) फूलको रस चुसेर आनन्द लिन आउने भँवरालाई मार्ने सुनगाभाको विशेषता उसलाई असाध्यै रमाइलो लाग्छ । यसबाट ऊ अरुको पीडा सहेर बाँच्नु भन्दा पीडकलाई नै पीडा दिएर आनन्द लिने परपीडक स्वभावकी देखिन्छ । जीवनलाई स्वतन्त्र भोग गर्ने र स्वतन्त्र बाँच्न चाहने अभिव्यक्ति प्रस्तुत गर्दै बरी 'आफ्नो निम्ति फुल्नु, आफ्नै निम्ति फक्रिनु, झर्नु जस्तो एउटा बाध्यतालाई स्वीकार गर्नको निम्ति भँवरासँग लाप्पा खेल्नै पर्छ, झर्न त पर्छ पर्छ भने भँवराको चोट सहेर किन झर्ने, आफ्नू इच्छाले झर्ने' (पृ.१२) कुरा गर्दछे ।

जैविक रूपमा नर नारी फरक भए पनि सामाजिक रूपमा नारी र पुरुषको भूमिकामा भिन्नता नहुनु पर्ने तर विविध कारणले नारी समाजमा उत्पीडित रहेका छन् । यसरी सामाजिक रूपमा उत्पीडित गराउने मुख्य कारक पुरुष नै हो भन्ने मान्यता उग्रनारीवादीहरूको रहेको छ । सकमबरीको उपर्युक्त अभिव्यक्तिमा पनि भँवरालाई पुरुषको प्रतीक र फूललाई नारीको प्रतीकको रूपमा प्रस्तुत गर्दै पुरुषको पीडा सहेर बस्न नचाहने विचार पाइन्छ । मानिस जन्मिएर एक दिन मर्नु नै पर्छ भन्ने विसङ्गत चेतनाबाट प्रभावित हुँदै बरीले यस्तो विसङगतिपूर्ण जीवनलाई स्वतन्त्रपूर्वक जिउन चाहेको देखिन्छ । नारीलाई पीडा दिएर आनन्द लिन चाहने पुरुषलाई उल्टै पीडा दिएर बरी खुसी भएकी छ । उसको नजिक हुन चाहने सुयोगवीरलाई एक अपराधी सिपाहीको रूपमा उभ्याउनुका साथै सुयोगको विचारलाई कडा प्रतिकार गर्दै उसको विचारको उल्टो व्यवहार गर्दै सुयोगलाई दुखित बनाउनुमा उसमा कुनै पश्चत्ताप बोध छैन । सुयोगवीर उसको पीडक व्यवहारबाट ग्रसित हुन्छ र 'सम्झैं जथाभाबी बोल्छे, कत्ति पनि लाज मान्दिन, साच्चै कस्ती मापाकी छे यो स्वास्नी मान्छे कति सहजैसँग घरी सिपाही भन्छे, घरी बूढो भन्छे, यसलाई आफ्नो दाइको अलिक लाज पनि लाग्दैन क्यारे' (पृ.१४) भन्दछ । यसरी बरी अरुलाई जथाभावी भनेर पीडा दिन चाहने तर आफू कसैको पीडा सहेर बाँच्न नचाहने परपीडक नारी देखिन्छ । बाँच्नको लागि कसैको सहारा नचाहिने विचार व्यक्त गर्दै ऊः 'एक्लो बाँच्न सकिन्छ, एक्लो' (पृ.१२) भन्दछे । यसरी परम्परागत रूपमा नारीलाई बाँच्नको लागि पुरुषको सहारा चाहिन्छ भन्ने मान्यताको विपरीत एक्लै स्वतन्त्र बाँच्न चाहने बरीको विचार विद्रोही चेतनाबाट प्रभावित देखिन्छ । उसको स्वभाव, व्यवहार र सोचाइ अरु सामान्य नारीहरूको भन्दा भिन्न रहेको छ भन्ने कुरा सुयोगवीरले 'यसको धारणा स्वास्नी मान्छेमा लागू हुन सक्दैन' (पृ.१३) भन्ने कुराबाट प्रस्ट हुन्छ । अर्थात् यस भनाइबाट पनि बरी पृथक विचार भएकी फरक खाले नारी भएको कुरा स्पष्ट नै छ ।

कसैको दबाबबिना स्वतन्त्र बाँच्न चाहने सकमबरी सुनगाभा फूल जस्तो परपीडक भएर बाँच्नुमा अझ खुसी भएको देखिन्छे । यसरी आफ्नो स्वतन्त्र बाँच्न चाहने इच्छामाथि सुयोगवीरको उन्मादपूर्ण चुम्बनले बाधा उत्पन्न गराएपछि आफै मृत्युवरण गर्न पुगेकी छ । आफूलाई चुस्न आउनेलाई सुनगाभाले जस्तो मार्न नसकेर आफैं मरे पनि उसको तिरस्कारले सुयोग जीवनभर पीडित बनेको छ । यसरी परम्परागत नारीभन्दा भिन्न स्वभाव भएकी र विद्रोही विचार प्रस्तुत गर्ने बरीमार्फत् प्रस्तुत उपन्यासमा उग्र नारीवादी चेतना प्रकट भएको पाउन सकिन्छ ।

## (ग) तात्कालिक परिवेश र निस्सार जीवन चेतना

शिरीषको फूल उपन्यासमा पात्रहरूले निस्सार जीवन बाँचेका छन् । लडाइँको मैदानमा पुगेर पनि एउटा शत्रुलाई पनि छप्काउन नसकको सुयोगवीर जवानीमा प्रेम गर्नेहरूको मर्मलाई लत्याएर हिंडेको र उमेर ढल्किने बेलामा प्रेम गर्न खोज्दा तिरस्कार पाएको पीडालाई रक्सीसँगै पिएर बाँचिरहेको छ । पढाइमा तीक्ष्ण भए पनि शारीरिक कमजोरीका कारण थप अध्ययनलाई अगाडि बढाउन सकेकी सकमबरी किटनाशक सुनगाभा बन्ने चाहना हुँदाहुँदै शिरीषको फूलजस्तो सुयोगको एक चुम्बनमै झरेकी छ । बुबाको अन्त्य भइसकेपछि सम्पूर्ण पारिवारिक जिम्मेवारी बहन गर्नु पर्ने शिवराज सधैं रक्सी खाने र ढल्किँदो उमेर भइसक्दा पनि न आफूले विवाह गरेको छ न उमेरदार बहिनीहरूको विवाह गर्न सकेको छ, ऊ

 © The Saptagandaki Journal. All Rights Reserved

त बहिनीको फोटो खल्तीमा बोकेर हिड्दै बरीलाई केही भइ हाल्यो भने म पनि बाँच्दिन भन्दै आफ्नै बहिनीलाई अञ्जान प्रेम गर्छ । यसरी उपन्यासका पात्रहरूले भोगेका विसङ्गत जीवन र अर्थहीन बचाइमार्फत् यस उपन्यासमा निस्सार जीवनदृष्टि प्रस्तुत भएको पाइन्छ । यसरी उपन्यासमा निस्सार जीवनलाई प्रस्तुत गर्नुमा उपन्यासकारमा तत्कालीन सामाजिक, राजनीतिक परिवेशको प्रभाव रहेको देखिन्छ । खासगरी यस उपन्यासले तत्कालीन नेपाली समाज र त्यस समाजको परिस्थितिमा जोडिन आएका जटिलतालाई प्रस्तुत गरेको छ। त्यस समयको परिवेश विसङ्गतिबाट ग्रसित छ र त्यसै विसङ्गतिभित्र आफ्नो अस्तित्व खाजिरहेको छ भन्ने कुरा यस उपन्यासले पुष्टि गरेको छ (सुवेदी, २०५३ : २१४) । शिरीषको फूल उपन्यासको प्रकाशन आजभन्दा आधा शताब्दीअघि भएकाले यस उपन्यासमा निस्सारवादी, शून्यवादी जीवनदृष्टि प्रस्तुत हुनुमा त्यस समयको अन्तर्राष्ट्रिय परिस्थिति र राष्ट्रिय सामाजिक, राजनीतिक परिवेशका कारण निर्मित तत्कालीन नेपाली जीवनको प्रभाव परेको पाइन्छ ।

चार दशकको अन्तरालमा भएका दुई विनाशकारी महायुद्धका कारण मानवीय जीवन मूल्यहीन बनेको पाइन्छ । वि.सं. २००२ तिर समाप्त भएको दोस्रो विश्वयुद्धका कारण विकसित त्रसित मानसिकता मान्छेबाट हराइसकेको थिएन । विश्वयुद्धलाई प्रत्यक्ष भोगेकाहरूले देखेको मूल्यहीन जीवन र मृत्यु तथा विश्वयुद्धबाट अप्रत्यक्ष रूपमा प्रभावित त्रसित मानसिकताबाट तत्कालीन विश्व परिवेशको निर्माण भएको देखिन्छ, साथसाथै दोस्रो विश्वयुद्धको समाप्तीसँगै तत्कालीन सोभियत संघ र अमेरिका बीच आरम्भ भएको शीतयुद्धले पनि त्यस समयको विश्व परिवेशबाट पनि प्रभावित भएको देखिन्छ । यसरी दोस्रो विश्वयुद्धको त्रसित धडधडी समाप्त नहुँदै आरम्भ भएको शीतयुद्धका कारण मानव जीवन त्रसित बनिरहेको अवस्थामा मान्छेलाई जीवनप्रतिको आशा हराउँदै गएको देखिन्छ । यस्तो अवस्थामा विकसित अर्थहीन जीवन मूल्यको प्रस्तुति यस उपन्यासमा पाइन्छ । त्यसैगरि तत्कालीन समयमा नेपालभित्रै विकसित राजनीतिक परिवेशका कारण निर्मित जीवनदृष्टिको प्रस्तुति पनि यस उपन्यासमा पाउन सकिन्छ । वि.सं.२०१७ सालमा राजा महेन्द्रले 'कु' गरी निरङ्कुश पञ्चायती शासन व्यवस्था लागू गरेपछि नागरिक स्वतन्त्रता बन्देज भयो । जबरजस्ती लादिएको राजनीतिक व्यवस्थालाई मान्नै पर्ने बाध्यात्मक स्थिति खडा भयो । यसरी नागरिकको नैसर्गिक अधिकार खोसिएर मुक जीवन बाँच्नु परेको तत्कालीन नेपाली जीवन सारहीन बन्दै गइरहेको देखिन्छ । अतः यस उपन्यासमा विश्वमा विकसित भयावह युद्ध संस्कृति र देशभित्र विकसित उकुसमुकुस निरङ्कुश राजनीतिक परिवेशका कारण मानव जीवन मूल्यहीन, सारहीन र अर्थहीन बन्दै गइरहेको यथार्थको चित्रण पाइन्छ ।

## ४. निष्कर्ष

शिरीषको फूल उपन्यासमा पुरुष प्रभुत्वशाली मानसिकता र व्यवहार तथा विद्रोही नारी चेतनाको पनि प्रस्तुति गरिएको देखिन्छ । सुयोगबीरमा पुरुष प्रभुत्वशाली मानसिकता प्रवल रहेको देखिन्छ । ऊ महिलालाई जुनसुकै उपायद्वारा पनि नियन्त्रणमा राख्न चाहन्छ । सकमबरीले पुरुषको जस्तो व्यवहार गरेको उसलाई मन पर्दैन । उसलाई नारीत्व प्रदान गर्न कपाल पाल्न, चुरोट नखान र ईश्वरप्रति विश्वास जगाउने प्रयास गर्दै सहमतिद्वारा नियन्त्रणमा राख्ने प्रयास गर्छ । उसले हेडहन्टरकी छोरीलाई पनि फकाएर भोग गर्ने प्रयास गरेको छ तर वार्ता र सहमतिद्वारा उनीहरूलाई नियन्त्रण गर्न नसकेपछि उसको प्रभुत्वशाली पुरुषत्व जागृत भएको छ र ती नारीहरूको जीवनलाई नष्ट पारेका छ । ऊ शिवराजका बहिनीहरू छानी छानी रोज्न पाउने ठानी कहिले मुजुरालाई त कहिले बरीलाई आफ्नो जीवनमा सजाउने कल्पना गर्छ । यसरी शिवराजमा प्रभुत्वशाली पुरुष मानसिकता प्रवल रहेको देखिन्छ । त्यसैगरी सकमबरीमार्फत् यस उपन्यासमा विद्रोही उग्र नारी चेतना प्रस्तुत गरिएको पाइन्छ । आफूलाई शोषण गर्न आउने भँवरालाई निचोरेर मार्ने सुनगाभा फूल जस्ती बन्न चाहने बरीले परम्परागत पुरुष शोषणका विरुद्ध पुरुषलाई नै पीडा दिन चाहेको देखिन्छ । यसरी सुनगाभा फूल बन्न खोज्ने बरी अन्त्यमा सुयोगवीरको चुम्बनका कारण शिरीषको फूल बनेर झरेकी छ ।

यसप्रकार प्रस्तुत उपन्यासमा युद्धका कारण विसङ्गत बनेको मानवीय जीवनको यथार्थलाई चित्रण गरिएको छ । दोस्रो विश्वयुद्धको भयावह विनाश र त्यसपछिको समयमा चर्किरहेको शीत युद्धका कारण विश्व परिवेश भययुक्त भई मानवीय जीवन मूल्यहीन भइरहेको थियो । नेपालमा निरङ्कुश पञ्चायती शासनको आरम्भसँगै मानवीय स्वतन्त्रतामाथि बन्देज लागेपछि नेपाली जीवन अर्थहीन, सारहीन बन्दै गइरहेको थियो । त्यसकारण यस उपन्यासमा विविध परिस्थितिका कारण निर्मित विसङ्गत मानवीय संस्कृतिको प्रस्तुति पाइन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६६), *प्रायोगिक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

पारिजात (२०६३), *शिरीषको फूल,* (पन्धौँ संस्करण) काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन ।

Abrams, M.H and Geoffrey (2005, 8th Ed.). *A Glossary of Literacy Terms***.** U.S.A. Thompson Wordsworth.

Hall, (1997).*Cultural studies: two paradigms*. *What is Cultural Studies?* (Edited By-John Storey) USA. StMartin's Press Inc. https://uniteyouthdublin.files.wordpress.com/2015/01/john_storey_what_is_cultural_studies_a_readerbookzz-org.pdf.

Hall, *Cultural Studies And Its Theoretical Legacies (2012), Critical Dialogues in Cultural Studies,* (Edited by David Morley and Kuan-Hsing Chen) Routledge. https://filsafattimur.files.wordpress.com/2012/10/critical-dialogues-in-cultural-studies.pdf.

Long, Elizabeth (1997).Feminism and cultural studies. *What is Cultural Studies?* (Edited By-John Storey) USA. StMartin's Press Inc. https://uniteyouthdublin.files.wordpress.com/2015/01/john_storey_what_is_cultural_studies_a_readerbookzz-org.pdf.

 *© The Saptagandaki Journal. All Rights Reserved*